फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-१०/२०७९/८०

## रासायनिक मल कारोबारको लागि सूचिकृत हुने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०७९/०७/१७

नेपाल सरकारद्वारा अनुदानमा उपलब्ध हुने रासायनिक मलहरु नगरबासी कृषकहरुलाई बिक्री वितरण गर्ने संस्थाहरु छनौट गरी "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७" बमोजिम कार्यक्षेत्र निर्धारण गर्नु पर्ने भएकोले यस कार्यालयबाट इजाजत पत्र प्राप्त सहकारी/कम्पनी/फर्म तथा मन्थली नगरपालिकाभित्र कार्यक्षेत्र भएका मल कारोबारको ईजाजत प्राप्त गर्न इच्छुक संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७९/०८/०१ गते) भित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ। म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीत पुरा नभएका आवेदन उपर कुनै पनि किसिमको काम कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

**आवश्यक कागजातहरुः**

१. सूचिकृत हुने सम्बन्धी निवेदन।
२. संस्था दर्ता, मल बिक्रेता इजाजत पत्र, कर चुक्ता आदिको विवरण।
३. संस्थागत निर्णयको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा आ.व. २०७९/८० मा अद्यावधिक भएको पत्रको प्रतिलिपि।
६. विगतमा कारोबार गरेका संस्थाको हकमा पछिल्लो ३ वर्षको मलको कारोबार विवरण र अनुभव, कार्यदक्षता, कार्य क्षमताको विवरण उल्लेखित प्रतिवेदन।
७. नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण फोटो सहित।
८. बिक्रेता नियुक्ति गर्दा निर्देशिकाको दफा (१५) उपदफा (८) बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-०८/२०७९/८०

## कृषि कार्यक्रम माग गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७९/०७/१६**

मन्थली नगरपालिकाको चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकास तर्फ तपसिल बमोजिमको कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका कृषि फर्म/कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०७९/०८/०६ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित कृषि सेवा केन्द्र, सम्बन्धित वडा कार्यालय वा यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ। म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप विवरण | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | कृषि यन्त्रीकरणमा सहयोग<br>➢ मिनि टिलर तथा एट्याचमेन्टस्,<br>➢ थ्रेसर (धान, गहुँ, मल्टि क्रप),<br>➢ रिपर (धान काट्ने),<br>➢ पावर टिलरको एट्याचमेन्टस् मात्र,<br>➢ पुस रो सिडर (बीउ छर्ने),<br>➢ स्प्रेयर (पावर-फलफूलको लागि, ब्याट्री) | पटक | १ | ५० प्रतिशत अनुदान |
| २ | थोपा सिंचाईमा सहयोग | पटक | १ | ५० प्रतिशत वा बढीमा रु. ५०,०००।- |
| ३ | प्राङ्गारिक तथा जैविक मल र विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम | संख्या | २ | ५० प्रतिशत वा बढीमा रु. १ लाख |
| ४ | आ.व. २०७८/७९ मा निर्माण भएका तरकारी नर्सरीहरुलाई बीउ खरिदमा मूल्य अनुदान | पटक | २ | प्रति नर्सरी बढीमा रु. २०,०००।- |
| ५ | माग तथा प्रस्तावनामा आधारित कृषि उत्पादनमूलक कार्यक्रम | संख्या | १० | ५० प्रतिशत वा बढीमा रु. २५,०००।- |

**आवश्यक कागजातहरुः**

१. कार्यक्रम माग गर्ने सम्बन्धी प्रत्येक कार्यक्रमको छुट्टा-छुट्टै निवेदन।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
३. संस्थागत निर्णयको प्रतिलिपि।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (निवेदकको)।
५. फर्म/कम्पनीको हकमाः पान नम्बर, कर चुक्ता विवरण वा रसिद।
६. सहकारी संस्थाको हकमाः मन्थली नगरपालिकामा चालु आ.व. मा सूचिकृत/अद्यावधिक भएको पत्रको प्रतिलिपि।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
८. नर्सरीको हकमा वार्षिक तरकारी बिरुवा उत्पादन तथा बिक्री योजना पेश गर्नु पर्नेछ।

हरिप्रसाद घापागाई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन: ०४८-५४०११२

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-०७/२०७९/८०

## कृषि चुन ढुवानी गर्ने सम्बन्धी सूचना।
प्रथम पटक प्रकाशित मितिः २०७९/०७/१७

मन्थली नगरपालिकाको चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकास तर्फ कृषि चुन ढुवानी गर्ने कार्यक्रम रहेकोले यस नगरपालिका भित्र खेती गरी रहनु भएका सम्पूर्ण कृषक, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७९/०८/०१ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित कृषि सेवा केन्द्र, सम्बन्धित वडा कार्यालय वा यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ।

आवश्यक कागजातहरुः

१. आवश्यक परिमाण र जग्गाको क्षेत्रफल उल्लेखित निवेदन।

२. जग्गा धनी पुर्जाको प्रतिलिपि।

३. सम्बन्धित वडा कार्यालयको सिफारिस।

४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

द्रष्टव्यः माग संकलन भए पश्चात् कृषि चुनको रकम जम्मा गर्ने कृषकको लागि मात्र ढुवानीको व्यवस्था मिलाइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-०९/२०७९/८०

## कृषि कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७९/०७/१७**

मन्थली नगरपालिकाबाट आ.व. २०७८/७९ को सशर्त तर्फको तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत, अद्यावधिक भएका कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई **"प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८"** को अनुसूची-१ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले देहायका आवश्यक कागजातहरु सहित २१ दिन (मिति २०७९/०८/०७ गते) भित्र कार्यालय समयमा यसैसाथ संलग्न ढाँचा अनुसारको निवेदन र देहायका आवश्यक कागजातहरु सहित कृषि सेवा केन्द्र, सम्बन्धित वडा कार्यालय वा यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ।

तपसिल:

| क्र. सं. | कार्यक्रम | इकाई | परिमाण | कुल बजेट रु. | कार्यक्रम सञ्चालन हुने क्षेत्र | आवश्यक मापदण्ड | अनुदानको विवरण |
|---|---|---|---|---|---|---|---|
| १ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | पटक | १ | १० लाख | वडा नं. ९, १० र ११ | कार्यक्रम ब्लकमा सञ्चालन गरिनेछ र ब्लकको साइज न्यूनतम १०० रोपनी हुनु पर्नेछ। | कार्यविधि अनुसार ५० देखि १०० प्रतिशतसम्म। |
| २ | दलहन बाली प्रवर्द्धन कार्यक्रम | पटक | १ | १० लाख ५० हजार | सबै १४ वडाहरु | | |

**आवश्यक कागजातहरु:**

१. कार्यालयले तयार गरेको ढाँचा बमोजिम निवेदन।
२. कृषक समूह, संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
३. कृषि फर्मको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि।
४. समूह/सहकारीको संस्थागत निर्णयको प्रतिलिपि।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा चालु आ.व. मा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि।
६. वडा कार्यालयको सिफारिस पत्र।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
८. प्रतिवद्धता पत्र।
९. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

मितिः २०७९/........./........

विषयः अनुदान उपलब्ध गराई दिनु हुन ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
मन्थली नगरपालिका, रामेछाप ।

महोदय,

तहाँ कार्यालयबाट मिति .......................................... मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको **रैथाने बाली प्रवर्द्धन कार्यक्रम/दलहल बाली प्रवर्द्धन कार्यक्रम**को उद्देश्य, लागत, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं/छु।

तपसिलः

अनुदानग्राहीको नामः

ठेगानाः मन्थली नगरपालिका, वडा नं. ........, टोल ...............

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रमबाट लाभान्वित हुने जनसंख्याः

कार्यक्रम सञ्चालन गर्ने कार्य योजनाः

निवेदक
दस्तखत
नाम, थरः
पदः
संस्थाको नामः
सम्पर्क नं.
मितिः
संस्थाको छाप